# एकाइ 5 · जीवन प्रक्रिया

**कार्यपत्र**

पूर्णाङ्क 24

नाम ______________ कक्षा ______ रोल नं. ______ मिति ______ प्राप्ताङ्क ______ / 24

## 1 मुख्य शब्द [3]

कोठाका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाको एउटा शब्द प्रयोग हुँदैन। प्रत्येक खाली ठाउँको 0.5 अङ्क छ।

| |
|---|
| **निष्कासन परपोषक पोषण प्रकाश संश्लेषण प्रजनन स्टोमाटा स्वपोषक** |

खाना प्राप्त गर्नुलाई ______________ भनिन्छ। शरीरबाट विकार वस्तु बाहिर फाल्नुलाई ______________ भनिन्छ। सजीवले आफूजस्तै सन्तान जन्माउनुलाई ______________ भनिन्छ। हरिया बिरुवाले सूर्यको प्रकाशमा कार्बन डाइअक्साइड र पानीबाट खाना बनाउँछन्। यसलाई ______________ भनिन्छ। कार्बन डाइअक्साइड पातका साना प्वालबाट भित्र पस्छ। यी प्वाललाई ______________ भनिन्छ। आफ्नो खाना आफैँ बनाउने जीवलाई ______________ भनिन्छ।

## 2 चित्रको नामाङ्कन [2]

चित्रमा सास फेर्ने र श्वासप्रश्वासको काम देखाइएको छ। 1 देखि 4 सम्मका अङ्कको ठाउँमा के लेखिनुपर्छ, लेख्नुहोस्। प्रत्येकको 0.5 अङ्क छ।




1. ______________ 2. ______________

3. ______________ 4. ______________

## 3 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** किराहरू केबाट सास फेर्छन्? [1]

**क.** स्पाइराकल्स **ख.** फोक्सो

**ग.** छाला **घ.** गिल्स

ii. सजीवले अनावश्यक विकार वस्तु बाहिर फाल्ने प्रक्रियालाई के भनिन्छ? [1]

**क.** श्वासप्रश्वास **ख.** प्रकाश संश्लेषण
**ग.** प्रजनन **घ.** निष्कासन

iii. तलका मध्ये बच्चा जन्माएर सन्तान उत्पादन गर्ने जीव कुन हो? [1]

**क.** चरा **ख.** गोही
**ग.** सर्प **घ.** बिरालो

iv. सजीवहरूलाई अक्सिजन किन चाहिन्छ? [1]

**क.** निष्कासन प्रक्रियामा सहयोग गर्न **ख.** परिवहन प्रक्रियामा सहयोग गर्न
**ग.** सन्तान उत्पादन गर्न **घ.** खानाबाट ऊर्जा उत्पादन गर्न

v. तलका मध्ये कुन चाहिँ **स्वपोषक** हो? [1]

**क.** च्याउ **ख.** बाख्रा
**ग.** तोरीको बोट **घ.** बाघ

## 4 ठिक कि बेठिक? [4]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको 1 अङ्क छ।

i. अक्सिजन नभएमा सजीवहरूले खानाबाट ऊर्जा प्राप्त गर्न सक्दैनन्। ☐

ii. बिरुवाले श्वासप्रश्वास गर्दा कार्बन डाइअक्साइड लिन्छ र अक्सिजन फाल्छ। ☐

iii. माछाले पानीमा घुलेको अक्सिजन लिन्छ। ☐

iv. बिरुवाले खोटो धेरैजसो पातबाट निष्कासन गर्छ। ☐

## 5 कसले केबाट सास फेर्छ? [2]

समूह ‘क’ का जनावरलाई समूह ‘ख’ का सास फेर्ने अङ्गसँग जोडा मिलाई कोठामा अक्षर लेख्नुहोस्। समूह ‘ख’ को एउटा अङ्ग बढी छ। प्रत्येकको 0.5 अङ्क छ।

| समूह ‘क’ | | समूह ‘ख’ |
|---|---|---|
| **1.** माछा | ☐ | **क.** स्पाइराकल्स |
| **2.** मानिस | ☐ | **ख.** पेट |
| **3.** फट्याङ्ग्रो | ☐ | **ग.** गिल्स |
| **4.** गँड्यौलो | ☐ | **घ.** फोक्सो |
| | | **ङ.** छाला |

## 6 अति छोटो उत्तर [2]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** पातमा हरियो रङ दिने र बिरुवालाई खाना बनाउन सघाउने पदार्थलाई के भनिन्छ? [1]

**ख.** "घाँस → मृग → सिंह" मा बाणले के जनाउँछ? [1]

## 7 छोटो उत्तर [4]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** स्वपोषक र परपोषकबिच कुनै दुईओटा फरक लेख्नुहोस्। [2]

**ख.** सास फेर्नु र श्वासप्रश्वास गर्नु भनेको फरक फरक कुरा हुन्? आफ्नो विचार लेख्नुहोस्। [2]

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

टाउको दुख्दा, पेट दुख्दा वा शरीरका अरू भागमा बिसन्चो हुँदा हामी मुखबाट नै औषधी खान्छौँ। हाम्रो शरीरमा हुने कुन प्रक्रियाले गर्दा औषधी दुखेको ठाउँसम्म पुगेर निको पार्छ होला? व्याख्या गर्नुहोस्।

## 9 क्रियाकलाप: पातबाट पानी निस्कन्छ (क्रियाकलाप 5.5)

(अङ्क नदिइने)

गमलामा हुर्किरहेको सानो बिरुवाको पात भएको भागलाई पारदर्शी प्लास्टिकको झोलाले छोप्नुहोस्। झोलाको मुख डाँठमा बाँध्नुहोस्, गमला र माटो नछोप्नुहोस्। बिरुवालाई दुई तीन घण्टा घाममा राखेर झोला हेर्नुहोस्।

| देखिएको परिवर्तन | कारण |
|---|---|
| | |
| | |
| | |

**निष्कर्ष:** बिरुवाले जराबाट माटोको पानी सोस्छ। त्यो पानी डाँठ हुँदै ______________ सम्म पुग्छ। बढी भएको पानी पातका स्टोमाटाबाट ______________ का रूपमा बाहिर निस्कन्छ। यस क्रियालाई के भनिन्छ?

झोलाले गमला र माटो किन नछोप्ने?